# बेनीघाट रोराङ गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड – ९** **संख्या – ४** **मितिः २०८२ मंसिर २५**

## भाग – २

बेनीघाट रोराङ गाउँपालिका छात्रवृत्ति र पुरस्कार वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि"
२०८०

प्रथम संशोधनः २०८२

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

**बेनीघाट रोराङ गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड – ९** **संख्या – ४** **मितिः २०८२ मंसिर २५**


“ बेनीघाट रोराङ गाउँपालिका छात्रवृत्ति र पुरस्कार वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि" २०८०

प्रथम संशोधनः २०८२

प्रस्तावना :

बेनीघाट रोराङ गाउँपालिकाभित्र स्थायी बसोवास गर्ने नागरिकहरुको विज्ञान, शिक्षा तथा प्राविधिक शिक्षामा पहुँच पुर्याउने र सक्षम जनशक्ति उत्पादन गर्ने उद्देश्यले विद्यालय बाहिर रहेका आर्थिक रुपले विपन्न तथा सिमान्तकृत समुदायका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन तथा भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाई राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चतताका लागि विद्यालय जाने उमेरका लक्षित समूहका बालबालिकाहरुलाई विगत देखि प्रदान गर्दै आएको छात्रवृत्तिलाई अझ बढी विपन्न, सिमान्तकृत, जेहेन्दार, दलित र प्राविधिक लक्षित गर्दै अति आवश्यक भएका वर्गलाई छात्रवृत्ति मार्फत विद्यालय तह तथा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई प्रोत्साहन गर्न र वितरण प्रणालीलाई पारदर्शी र प्रभावकारी बनाउन बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा २७ को भावना र मर्म सम्बोधन गर्न गाउँ कार्यपालिकाले स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ तथा बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ५५ ले दिएको दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको हो ।

१. संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम बेनीघाट रोराङ गाउपालिका छात्रवृत्ति र पुरस्कार वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

ख. यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेपछि लागु हुनेछ।

२. परिभाषा

कुनै विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "गाउँपालिका" भन्नाले बेनीघाट रोराङ गाउँपालिका सम्झनु पर्छ ।

ख. "अध्यक्ष" भन्नाले बेनीघाट रोराङ गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेनीघाट रोराङ गाउँ कार्यपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

घ. "विद्यार्थी" भन्नाले बेनीघाट रोराङ गाउँपालिका स्थायी ठेगाना भएका नियमित कक्षा अध्ययन गर्ने विद्यार्थीलाई सम्झनु पर्छ ।

ङ. "प्राविधिक धार" भन्नाले विज्ञान, इन्जिनियरिङ, चिकित्सा, कृर्षि वा वनविज्ञान, कम्प्युटर विज्ञान, पशु सेवा तथा सिपमुलक शिक्षा, स्वास्थ्य क्षेत्रका विषय भन्ने सम्झनु पर्छ ।

च. "विपन्न" भन्नाले आर्थिक हिसाबले पछि परेका समूह भन्ने सम्झनु पर्छ ।

छ. "संरक्षक" भन्नाले वालवालिकाको संरक्षण गरी पठनपाठन लालन पोषणमा सहयोग गर्ने अभिभावक सम्झनु पर्छ । यसमा वालवालिका गैर दलित भए पनि संरक्षकत्व गर्ने व्यक्ति दलित छ भने त्यस्ता वालवालिकाले दलित बालबालिकाले पाएको सुविधा पाउन सक्नेछन भन्ने बुझ्नुपर्छ ।

ज. "समिति" भन्नाले दफा ४ बमोजिम बेनीघाट रोराङ गाउँकार्यपालिकाद्वारा गठित छात्रवृत्ति र पुरस्कार वितरण तथा व्यवस्थापन समिति भन्ने बुझ्नुपर्छ ।

झ. “भत्ता” भन्नाले छात्रवृत्ति वितरण कार्यमा बैठकमा सहभागी हुँदा दिइने सेवा वापतको रकम भन्ने बुझ्नु पर्छ ।

ञ. “पुरस्कार” भन्नाले विद्यालय तहमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, शिक्षक, विद्यार्थी, विव्यस, शिक्षक, अभिभावक संघ तथा शिक्षाप्रेमीहरुलाई प्रदान गरिने रकम, सम्मान पत्र, प्रमाणपत्र तथा कदर पत्र भन्ने बुझ्नु पर्छ ।

३. कार्यविधिको उद्देश्यः

क. विपन्न बालबालिकाको प्राविधिक शिक्षामा पहुँच बढाउने ।

ख. विज्ञान तथा प्राविधिक विषय अध्ययनमा आकर्षण बढाउने ।

ग. अनुसन्धनात्मक क्षेत्रमा बेनीघाट रोराङ गाउँपालिकाको सहभागिता बढाउने ।

घ. दक्ष जनशक्ति उत्पादन गर्ने ।

ङ. विद्यालयमा भर्नादर बढाउने र कक्षा छाड्ने दर घटाउने ।

४. छात्रवृति वितरण सम्बन्धमा कार्य गर्न देहाय बमोजिम सदस्य रहने गरी छात्रवृत्ति र पुरस्कार वितरण तथा व्यवस्थापन समिति रहनेछ ।

क. गाउँ शिक्षा समितिको अध्यक्ष- अध्यक्ष

ख. गाउँपालिकाको उपाध्यक्ष— सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ. सामाजिक विकास समितिको संयोजक- सदस्य

ङ. विद्यालय प्रधानाध्यपकहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एकजना— सदस्य

च. प्राविधिक शिक्षा सञ्चालन भएको माध्यमिक विद्यालय भए उक्त विद्यालयहरुका प्रधानाध्यापकहरुमध्ये गाउँपालिका अध्यक्षले तोकेको एकजना —सदस्य

छ. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख —सदस्य सचिव

५. छात्रवृति र पुरस्कार वितरण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरुः

क. आवेदन माग गर्ने तथा सूचना प्रकाशन गर्ने ।

ख. बजेट तथा वितरण कार्य योजना बनाउने ।

ग. अन्तिम नामावली तयार गर्ने ।

घ. वितरण कार्यक्रम सञ्चालन गर्ने ।

ङ. अनुगमन निरीक्षण गर्ने ।

६. छात्रवृति रकम / प्रकारः छात्रवृत्तिका प्रकार देहाय बमोजिम रहनेछ ।

क) उच्च शिक्षा छात्रवृत्तिः

ख) प्राविधिक छात्रवृत्तिः

ग) विद्यालय शिक्षा छात्रवृत्तिः

घ) सिमान्तकृत प्रोत्साहन छात्रवृत्तिः

ङ) छोरी बुहारी छात्रवृत्तिः

क) उच्च शिक्षा छात्रवृत्तिः माध्यमिक शिक्षा परीक्षा वा सो सरह उत्तीर्ण गरेका यस गाउँपालिका भित्र स्थायी बसोबास भएका विद्यार्थीहरुलाई उच्च शिक्षा हासिल गर्न सहयोग स्वरुप तल उल्लेखित रकममा ननाघ्ने गरी तोकिएको संख्यामा यस छात्रवृत्ति प्रदान गर्न सकिने छ । उच्च शिक्षा अध्ययन छात्रवृत्तिका लागि विद्यार्थी छनौटको अन्तिम निर्णय बेनीघाट रोराङ गाउँकार्यपालिकाले गर्नेछ ।

| क स | छात्रवृत्ति प्रदान गरिने विषय क्षेत्र / तह | संख्या | छात्रवृत्ति बापतको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | एम.बि.बि.एस | तीन जना सम्म | पचास हजार | प्रति वर्ष |

| | | | | |
|---|---|---|---|---|
| २ | इन्जिनियर | पाँच जना सम्म | तीस हजार | प्रति वर्ष |
| ३ | अन्य प्राबिधिक विषयहरु | पाँच जना सम्म | पच्चीस हजार | प्रति वर्ष |

ख प्राविधिक शिक्षा छात्रबृत्तिः कम्तीमा तीन बर्षे प्राविधिक प्रमाण पत्र तह वा सो सरहका प्राविधिक धारतर्फ देहायका उल्लेखित क्षेत्र / विषय अध्ययन गर्नका लागि सामुदायिक विद्यालयबाट एस.इ.इ वा सो सरह उत्तिर्ण गरेका र बेनीघाट रोराङ गाउँपालिका भित्र स्थायी वसोवास गर्ने विद्यार्थीहरुबाट परेको आवेदन र छनौट समितिको सिफारिसका आधारमा कार्यपालिकाको निर्णय बमोजिम कुल २५ जनामा नबढ्ने गरी प्राविधिक धारतर्फ उल्लेखित कोर्ष अध्ययनका लागि प्रति विद्यार्थी वार्षिक रु २०,०००।- का दरले शर्तहरु समेत उल्लेख गरी छात्रवृत्ति प्रदान गरिने छ ।

| क.स | अध्ययनको विषय क्षेत्र | छनोट गरिने संख्या | कैफियत |
|---|---|---|---|
| १ | कृषि विज्ञान र पशु विज्ञान | बीस | प्रति बर्ष |
| २ | हेल्थ असिस्टेन्ट | दुई | प्रति बर्ष |
| ३ | कम्युटर विज्ञान | तीन | प्रति बर्ष |

ग) विद्यालय शिक्षा छात्रबृत्तिः विद्यालय शिक्षा छात्रवृत्ति प्रदान गर्दा सिमान्तकृत, विपन्न, अपाङ्ग तथा टुहुरा बालबालिका लाभान्वित हुने गरी प्रदान गरिनेछ । वडा समितिको सिफारिसमा त्यस्ता बढीमा ५० जना बालबालिकाहरुलाई बार्षिक ५ हजार रुपयाँ प्रदान गरिनेछ । ती बालबालिकाहरु सकभर बेनीघाट रोराङ स्थायी निवासी हुनुपर्नेछ ।

घ) सिमान्तकृत प्रोत्साहन छात्रवृत्तिः बेनीघाट रोराङ गाउँपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरु अन्यत्र माध्यमिक शिक्षा भन्दा माथिल्लो स्तरमा अध्ययन गरी उत्कृष्ट नतिजा हासिल गर्ने सिमान्तकृत समुदायका बढीमा ५ जनासम्म विद्यार्थीहरुलाई छात्रवृत्ति समितिको निर्णायानुसार रकम र सम्मान पत्र प्रदान गरिनेछ ।

ङ) छोरी बुहारी छात्रवृत्तिः त्रिभुवन विश्वविद्यालय अन्तरगतका आंगिक तथा सामुदायिक क्याम्पसहरुमा स्नातकोत्तर तहमा अध्ययनरत बेनीघाट रोराङ गाउँपालिका स्थायी ठेगाना भएका बिपन्न छोरी बुहारीहरुलाई प्रति वर्ष रु. ३०,०००।— छात्रवृत्ति प्रदान गरिनेछ । पछिल्लो वर्ष छात्रवृति प्राप्त गर्नका लागि अघिल्लो बर्षमा समुत्तीर्ण भएको हुनुपर्नेछ ।

उल्लेखित प्रकारका छात्रवृत्तिमा अध्ययनका लागि तोकिएको विषय क्षेत्रका कोटाहरुमा कुनैमा न्युनतम आवश्यक संख्यामा समेत आवेदन नपर्ने तथा कुनैमा आवश्यक संख्या भन्दा धेरै

आवेदन परेको खण्डमा छात्रवृत्ति समितिको निर्णय बमोजिम विषय क्षेत्र र छनौट गरिने संख्या थपघट गर्न बाधा पुग्ने छैन ।

७. पुरस्कार तथा प्रोत्साहन सम्बन्धी विशेष व्यवस्थाः गाउँपालिकाले लिएका जुनसुकै सिकाइ उपलब्धी परीक्षा, गाउँपालिकास्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा, माध्यमिक शिक्षा परीक्षा र कक्षा १२ को अन्त्यमा हुने परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरु र विद्यालयलाई समितिको निर्णयानुसार क्रमसः पुरस्कार तथा प्रोत्साहनको रुपमा नगदै वा स्टेशनरी वा दुबै र प्रमाणपत्र/सम्मान पत्र/कदर पत्र प्रदान गरिनेछ ।

८. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले पालना गर्नुपर्ने शर्तहरुः

(१) गाउँपालिकाले आवश्यकता ठानेको अवस्थामा स्नातक तहको छात्रवृत्ति प्राप्त गरेका व्यक्तिले प्रचलित पारिश्रमिक प्राप्त गरी बढीमा २ वर्षसम्म गाउँपालिकाले आवश्यक ठानेको खण्डमा गाउँपालिकामार्फत सेवा प्रदान गर्नुपर्नेछ ।

(२) विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको वर्षको सेमेस्टर प्रणालीको हकमा दुवै सेमेस्टरको परीक्षामा उत्तीर्ण भएको लब्धाङ्क पत्र पेश गरेपश्चात मात्र पछिल्लो वर्षको छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थी वा सम्बन्धित शैक्षिक संस्थाको बैंक खातामा निकासा गरिनेछ । नियमित परीक्षामा अनुत्तीर्ण भएमा छात्रवृत्ति प्रदान कार्य स्वतः बन्द हुनेछ ।

९. छनौटको आधार / छात्रवृत्तिको लागि आवश्यक योग्यताः

(१) छात्रवृत्तिको लागि प्राप्त आवेदनहरुबाट छनौटका लागि छात्रवृत्तिको प्रकार बमोजिम निम्नानुसार अंक निर्धारण गरिने छ र सोको आधारमा समिति आफैंले निर्णय गरी छात्रवृत्ति वितरण गर्नेछ र विशेष छात्रवृत्तिको हकमा समितिको सिफारिसमा गाउँकार्यपालिकाले गरेको निर्णय बमोजिम हुनेछ ।

| क.सं | . क्षेत्र | कूल अङ्क | मापदण्ड |
|---|---|---|---|
| १. | माध्यमिक शिक्षा परीक्षमा प्राप्त ग्रेड | ३ | GPA ४ प्राप्त गरेकालाई ३ अङ्क, ३.६‹४ लाई २.५ अङ्क, ३.२‹३.६ लाई २ अङ्क, २.८‹३.२ लाई १.५ अङ्क, २.४‹२.८ लाई १ र सो भन्दा कमलाई ० अङ्क र अक्षराङ्कन पद्दती लागू हुनुपूर्व जारी लब्धाङ्कपत्रको हकमा प्रतिशतलाई GPA अङ्कमा रुपान्तर गरी सोही बमोजिम हुनेछ । |

| | | | |
|---|---|---|---|
| २ | कक्षा १२ वा सो सरह उत्तीर्ण | ३ | GPA ४ प्राप्त गरेकालाई ३ अङ्क, ३.६‹४ लाई २.५ अङ्क, ३.२‹३.६ लाई २ अङ्क, २.८‹३.२ लाई १.५ अङ्क, २.४‹२.८ लाई १ र सो भन्दा कमलाई ० अङ्क प्रदान गर्ने र अक्षराङ्कन पद्दती लागू हुनुपूर्व जारी लब्धाङ्कपत्रको हकमा प्रतिशतलाई GPA मा रुपान्तर गरी सोही बमोजिम हुनेछ । |
| ३ | लक्षित समूहका विद्यार्थी | ३ | आवेदक विद्यार्थी दलित⁄ सिमान्तकृत, अपाङ्ग समुदायको भएमा कुल २ अङ्क र माथिको दुबै भएमा कूल ३ अङ्क |
| ४ | सामुदायिक विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययन गरेको | ५ | कक्षा ६ देखि १० सम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको सम्बन्धित विद्यालयको सिफारिसका आधारमा प्रतिकक्षा १ अङ्कका दरले । |
| ५ | आर्थिक रुपले विपन्न | ४ | सम्बन्धित वडा कार्यालयबाट विद्यार्थीको परिवारको वार्षिक आम्दानी दुइ लाख पचास हजार भन्दा कम रहेको भनी सिफारिस भई आएकोमा ४ अङ्क । |
| ६ | आधारभूत तह उत्तीर्ण परीक्षाको नतिजा | ३ | ग्रेड बृद्दि परीक्षा भन्दा अघिको परीक्षामा GPA ४ प्राप्त गरेकालाई ३ अङ्क, ३.६‹४ लाई २.५ अङ्क, ३.२‹३.६ लाई २ अङ्क, २.८‹३.२ लाई १.५ अङ्क, २.४‹२.८ लाई १ र सो भन्दा कमलाई ० अङ्क प्रदान गर्ने र अक्षराङ्कन पद्दती लागू हुनुपूर्व जारी लब्धाङ्कपत्रको हकमा प्रतिशतलाई GPA मा रुपान्तर गरी सोही बमोजिम हुने । |
| ७ | कक्षा ५ को सिकाइ उपलब्धी परीक्षा | ४ | ८० वा सो भन्दा बढी सिकाइ उपलब्धि प्राप्त गरेबापत ४ अङ्क<br>७० वा सो भन्दा बढी सिकाइ उपलब्धि प्राप्त गरेबापत ३ अङ्क<br>६० वा सो भन्दा बढी सिकाइ उपलब्धि प्राप्त गरेबापत २ अङ्क<br>५० वा सो भन्दा बढी सिकाइ उपलब्धि प्राप्त गरेबापत १ अङ्क |

१०. छात्रवृति प्राप्त गर्न पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

क. सूचना प्रकाशित भएको आर्थिक वर्षमा शुरु हुने शैक्षिक बर्षको कार्यक्रम भएको र सोही अनुरूप अध्ययन गरिरहेको सम्बन्धित शैक्षिक संस्थाको सिफारिस,

ख. बेनीघाट रोराङ गाउँपालिकाको स्थायी वासिन्दा भएको सम्बन्धित वडा कार्यालयको सिफारिस, स्थायी ठेगाना खुल्नेगरी सम्बन्धित विद्यार्थीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र सम्बन्धित परिवारको मतदाता परिचय पत्रको प्रतिलिपी,

ग. घरपरिवारमा कुनै सदस्यको आम्दानीको स्रोत नभएको आर्थिक अवस्था समेत उल्लेख गरिएको वडा कार्यालयको सिफारिस (विपन्न वर्गको हकमा)

घ. सामुदायिक विद्यालयमा अध्ययन गरेको सम्बन्धित विद्यालयको सिफारिस

ड. शैक्षिक प्रमाणपत्रहरु सबै

च. अध्ययन गरेको शिक्षण संस्थामा भर्ना भई अध्ययन गरिरहेको कागजात (विषय क्षेत्र परिचयपत्र, भर्ना रसिद, शैक्षिक उपलब्धिको प्रमाणपत्र (आन्तरिक परीक्षाको लब्धाङ्कपत्र )

छ. अन्य कुनै छात्रवृति नपाएको भनी सम्बन्धित क्याम्पसको सिफारिस ।

ज. सम्बन्धित विद्यार्थी आवेदन फाराम सहित छात्रवृतिको आवश्यकता र आफ्नो प्रतिबद्धता खुलेको अनुसूचि १ वमोजिमको विद्यार्थी र अभिभावक / संरक्षकद्वारा हस्ताक्षरित निवेदन ।

११. वितरण प्रक्रियाः

संकलित आवेदन फारामलाई समितिले विश्लेषण गरी विद्यार्थीको नाममा रहेको बैंक खातामा निकाशा वा भरपाई गरी नगदै प्रदान गरिने छ ।

१२. संशोधन र बचाउः

यस कार्यविधिमा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नुपरेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधि भित्र रहि गाउँ कार्यपालिकाले तयार गरे अनुसार रहने छ र यस कार्यविधिमा उल्लेख गरिएका कुराहरूको हकमा यसै कार्यविधि अनुसार गर्नु पर्नेछ ।

अनुसूची १

आवेदन फाराम

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बेनीघाट रोराङ गाउँपालिका, विशालटार

विषयः छात्रवृत्ति पाउँ ।

प्रस्तुत विषयमा बेनीघाट रोराङ गाउँपालिकाको मिति गतेको सूचना अनुसार छात्रवृत्ति पाउन योग्य भएकाले तपसिलको विवरण सहित यो निवेदन पेस गर्दछु ।

**१. नामः**

२. अध्ययन गरेको तह र कक्षाः

३. वर्ष वा सेमेस्टरः छात्रवृतिको प्रकारः

४.अध्ययन गरेको विद्यालय/ संस्थाको नामः

५. अध्ययन गरेको विषय क्षेत्रः

६. बुबाको नाम ठेगाना पेशाः
ना.प्र.न. मोबाईल न.

७. आमाको नामः पेसाः

८. निवेदकको प्रतिवद्धताः

९. निवेदकको वार्षिक लाग्ने अध्ययन शुल्कः

१०. बैंक खाता नम्बरः बैंकको नामः
खाता रहेको बैंकको ठेगानाः

संलग्न कागजातहरुः

१.

२.

निबेदकको नाम र दस्तखतः

आज्ञाले
रामबाबु पौडेल
प्रमुख प्रशासकीय अधिकृत